नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(..........अनुमतिपत्र महाशाखा..........)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकसः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८१/८२
चलनी नं.:- १२२८

मितिः २०८१/११/१३

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री गाउँ कार्यपालिकाको कार्यालय,
मोलुङ्ग गाउँपालिका ।
फोन नं.: ९८५२८४०५०१, ९८५२८४०५०५ ।

प्रस्तुत विषयमा तहाँबाट मिति २०८१/०८/०२ (प.स. २०८१/८२, च.नं.: ५२६) को पत्रमा "मोलुङ गाउँपालिकामा एलुन खोला जलविद्युत आयोजनाको संरचना नभएको" भनी उल्लेख गरी पत्र प्राप्त भएको तर प्रवर्द्धक श्री इलुन हाइड्रोपावर कम्पनी प्रा. लि.बाट मिति २०८१/०९/१९मा प्राप्त पत्रमा भने "विद्युत उत्पादनको स्वकृतीकोलागि प्राप्त Technical Clearance लिई खिजीदेम्वा गाउँपालिकाको कार्यालाय र मोलुङ्ग गाउँपालिकाको कार्यालय, प्राप्चा, ओखलढुङ्गामा निवेदन सहित Technical Clearance Document संलग्न गरि पेश गरेको र गाउँपालिकाको कार्यलयको स्वकृतीको लागि ताकेता भैरहेको" भनि उल्लेख भएको हुँदा सो सम्बन्धी तहाँको राय तथा विभागको database मा लामो समयसम्म दरखास्त कै स्थितिमा रहेको देखिएकोले प्रस्तुत आयोजना सम्बन्धी प्रकृया भईरहेको भए सो को स्थिती वा सो आयोजनालाई सहमति दिने/रद्द गर्ने सम्बन्धी आवश्यक कारवाही अगाडी बढाई सो को जानकारी पन्ध्र (१५) दिन भित्र विभाग समक्ष उपलब्ध गराइदिनुहुन विभागको मिति २०८१/११/११को निर्णयानुसार जानकारी गराइन्छ ।

(आस्था भट्ट)
इन्जिनियर

**संलग्नः**
श्री इलुन हाइड्रोपावर कम्पनी प्रा. लि.बाट पेश भएको पत्रको प्रतिलिपि

श्री इलुन हाइड्रोपावर कम्पनी प्रा. लि.
काठमाडौं-३४, नेपाल ।
फोन नं. ९८४३४२१८८१ ।
पोष्ट बक्स नं.: ८६४३

Reg. No. 156787/073/074

**ELUN HYDROPOWER COMPANY PVT. LTD.**

G. P. O. Box No. 8643, Kathmandu, Nepal

Phone: +977 01 4472349 /+977 9843421881; e-mail: elunhydropowerproject@gmail.com

दर्ता नं ८३२२ मिति २०८११११५

२०८१ ०९ १५ उ. म. वि. अनुमतिपत्र दर्ता नं ९२८८ मिति: २०८१।०९।२९

श्रीमान् महानिर्देशक ज्यू,
विद्युत विकास विभाग
सानोगौचरण, काठमाडौं, नेपाल ।

श्री आयोजना अनुगमन सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
दर्ता नं. ९३४६
मिति २०८१।९।२९

विषय : विद्युत उत्पादनको अनुमतिपत्रको जनाकारी सम्बन्धमा ।
ईलुन खोला साना जलविद्युत आयोजना (क्षमता :९८७ कि.वा.)

महोदय,

उपरोक्त सम्बन्धमा तहाँको मिति २०८१ साल पौष ०७ गतेको पत्र प्राप्त भयो । उक्त पत्रमा जानकारीको माग भए बमोजिम यस कम्पनीले साना जलविद्युत विकास निर्माण गर्ने उदेश्यले विद्युत उत्पादनको स्वकृतीकोलागि तहाँबाट प्राप्त Technical Clearance लिइ खिजीदेम्वा गाउँपालिकाको कार्यालय र मोलुङ गाउँपालिकाको कार्यालय, प्राप्चा, ओखलढुङ्गामा निवेदन सहित Technical Clearance Document संलग्न गरि पेश गरेका थियौ । तत् पश्चात गाउँपालिकाको कार्यालयमा स्वकृतीको लागि तकेता भैरहेको छ । उक्त गाउँपालिकाहरुको आन्तरीक निर्णय पश्चात स्वकृती प्रदान गरे लगतै आयोजनाको निर्माण द्रुत गतिमा अघि बढाउने व्यहोरा तहाँ समक्ष जानकारी गराउँदछौं ।

धन्यवाद ।

Elun Hydropower Company Pvt. Ltd. 2016 Kathmandu, Nepal

.......................
मनोज म[illegible]
निर्देशक

आयोजना अध्ययन महाशाखा
अनुमतिपत्र महाशाखा
योजना, वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा
आयोजना अनुगमन, सुविधा सिफारिस तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
प्रशासन शाखा
आर्थिक प्रशासन शाखा
कानून शाखा

श्री अनुमतिपत्र महाशाखा
तहाँबाट सम्बन्धित देखि प्रेषित।
९।२९